प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१-४७५१६६, ४७५१८९
फ्याक्स नं. ०२१-४७०१६१
ई-मेलः info.ocmcm@p1.gov.np
वेवसाईटः www.koshi.gov.np

प.सं.: २०८१/०८२
च.नं.: ३८६

मितिः- २०८१/०४/१४

विषयः- राय परामर्श सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
कोशी प्रदेश।

प्रस्तुत विषयमा कोशी प्रदेशका यसैसाथ संलग्न सूचीमा उल्लेखित स्थानीय तहबाट स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिम तह वृद्धि सिफारिस समितिलाई तह वृद्धि सिफारिसको निर्णय गर्न उत्पन्न भएको द्विविधा सन्दर्भमा राय/परामर्शका लागि लेखी आएकोमा बढुवा समितिको मिति २०८१/०४/०३ को निर्णय अनुसार बढुवा समितिको सो विषयको निर्णय एकमुष्ठ लेखि पठाउने र प्रस्तुत विषय अन्य स्थानीय तहमा समेत जानकारी दिन उपयुक्त हुने देखिएकोले कोशी प्रदेश अन्तरगतका सबै स्थानीय तहका तह वृद्धि सिफारिस समितिलाई लेखी पठाउने भनि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ को उपदफा (१) को खण्ड "क" बमोजिमको समितिबाट मिति २०८१/०४/१४ मा निर्णय भएकोले उक्त निर्णयहरु तहाँको जानकारीका लागि यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

४।१४

अम्बिका प्रसाद चौलगाईं
उपसचिव

<u>बोधार्थ</u>
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर नेपाल

**बढुवा समितिको निर्णयः**

देहायमा उल्लेख भएका स्थानीय तहबाट स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिम तह वृद्धि सिफारिस समितिलाई तह वृद्धि सिफारिस निर्णय गर्न उत्पन्न भएको द्विविधा सन्दर्भमा लेखी आएको देहायका विषयमा देहाय अनुसारको बढुवा समितिको निर्णय एकमुष्ठ लेखी पठाउने। प्रस्तुत विषय अन्य स्थानीय तहका समेतका लागि जानकारी दिन उपयुक्त हुने देखिएकोले कोशी प्रदेश अन्तरगतका सबै स्थानीय तहका तह वृद्धि सिफारिस समितिलाई समेत जानकारीका लागि लेखी पठाउने।

| सि. नं. | परामर्श माग गर्ने निकाय, पत्र संख्या तथा मिति | द्विविधाको विषय | बढुवा समितिको निर्णय |
|---|---|---|---|
| १. | • कमल गाउँ कार्यपालिकाको च.नं. १८३८ मिति २०८०/११/११<br>• धरान नगरकार्यपालिकाको च.नं. ५४९७ मिति २०८०/११/२०<br>• त्रियुगा नगरकार्यपालिकाको च.नं. १६९१ मिति २०८०/११/०८<br>• जहदा गाउँ कार्यपालिकाको च.नं. ३३५२ मिति २०८१/०३/१४ | स्वास्थ्य सेवाको तह वृद्धिका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ८ को उपदफा (१६) बमोजिम स्वतः बढुवा गर्न मिल्ने वा नमिल्ने? | साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैठौं र आठौं तहमा नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका कर्मचारी, निजामती सेवा बाहेकबाट समायोजन भई आएका कर्मचारी र एक पटक पनि तहवृद्धि सुविधा नपाएका कर्मचारीले माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको भएमा क्रमशः सातौं र नवौं तहमा बढुवा गर्न सकिने र त्यसरी बढुवा हुँदा माथिल्लो तहको पद स्वतः सिर्जना भई तल्लो पद खारेज हुने व्यवस्था भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ८ को उपदफा (१६) बमोजिम उल्लिखित शर्त पूरा गरेका कर्मचारीलाई बढुवा गरी दरवन्दी मिलान समेत गर्ने। यो व्यवस्था एक पटकका लागि मात्र प्रयोग गर्न सकिने। |
| २. | • भद्रपुर नगरकार्यपालिकाको च.नं. २५२८ मिति २०८०/११/२९<br>• ईलाम नगरपालिकाको च.नं. १९४७ मिति २०८०/११/२०<br>• रामधुनी नगरपालिकाको च.नं. १२९७ मिति २०८०/११/०१<br>• रामप्रसाद राई गा.पा. को च.नं. १७९१ मिति २०८०/१२/२३<br>• आठराई गाउँपालिकाको च.नं. २०३५ मिति २०८१/०२/२२ | • स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८०को दफा ४ को उपदफा (५) बमोजिम स्वतः तह वृद्धि हुने कर्मचारीको लागि आवश्यक शैक्षिक योग्यता सम्बन्धमा द्विविधा (एस.एल.सी. को प्रमाणपत्र भएकोमा छैठौं तहमा तह वृद्धि हुने हो कि होईन? साथै ऐनको दफा २७ (१) बमोजिम तह वृद्धि गर्दा | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐनको दफा ४ को उपदफा (५) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौ र नवौं तहको समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरू सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पूरा भएमा स्वतः एक तह वृद्धि हुनेछ। निजहरू जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ।" भन्ने व्यवस्था र सोही ऐनको दफा २७ को उपदफा (१) मा "स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौ तह, सातौ तहबाट आठौं तह र नवौ तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

| सि. नं. | परामर्श माग गर्ने निकाय, पत्र संख्या तथा मिति | द्विविधाको विषय | बढुवा समितिको निर्णय |
|---|---|---|---|
| | • चुलाचुली गाउँपालिकाको च.नं. ३०९४ मिति २०८१/०२/२१<br>• भद्रपुर नगरकार्यपालिकाको च.नं. २५२८ मिति २०८०/११/२९ | थप शैक्षिक योग्यता आवश्यक पर्ने हो वा होईन?<br>• ऐनको दफा ४ को उपदफा (५) मा भएको व्यवस्था एक पटकका लागि हो वा पटक/पटकका लागि हो?<br>• रा.प. तृतीय श्रेणीबाट सातौं तहमा र रा.प. अनं. प्रथम श्रेणीबाट छैठौं तहमा समायोजन भएका कर्मचारी समान तहको पदमा समायोजन भएको हो वा होईन? | सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।" र उपदफा (२) मा उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरूलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ।" भन्ने व्यवस्था भएकोले तह वृद्धि गर्दा हाल कार्यरत तहको पदको लागि तोकिएको शैक्षिक योग्यता (खुला वा बढुवा) भएमा तहवृद्धि गर्न सकिने।<br>ऐनको दफा ४ को उपदफा (५) मा भएको व्यवस्था एक पटकका लागि मात्र भएकोले सो पछि अन्य दफाको व्यवस्था आकर्षित हुने ।<br>रा.प. तृतीय श्रेणीबाट सातौं तहमा र रा.प. अनं. प्रथम श्रेणीबाट छैठौं तहमा समायोजन भएका कर्मचारी जुन जुन दफा अन्तर्गतको शर्त पूरा गरेका हुन्छन् सो दफा बमोजिम तह वृद्धि वा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने। |
| ३. | • भोजपुर नगरपालिकाको च.नं. ७५२ मिति २०८०/११/२२<br>• उर्लाबारी नगरपालिकाको च.नं. ३३५६ मिति २०८०/११/२०<br>• फेदाप गाउँपालिकाको च.नं. १८४४ मिति २०८०/१२/०८<br>• रौतामाई गा.पा.को च.नं. २२०८ च.नं. २०८१/०३/०४ | • तह वृद्धि गर्दा तह वृद्धि भएको कर्मचारीको कुन मितिबाट जेष्ठता कायम गर्ने?<br>• तहवृद्धिका लागि माघ र श्रावण महिना तोकिएकोमा अन्य महिनामा तह वृद्धि गर्न मिल्ने वा नमिल्ने?<br>• तहवृद्धि भएका कर्मचारीको सेवा/समूह/उपसमूह/पद के हुने? | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ को उपदफा (१) मा "स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।" र उपदफा (२) मा उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरूलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ।" भन्ने व्यवस्था रहेको र दफा २७ को उपदफा (३) मा " यस उपदफा (१) तथा यस ऐनमा गरिएको विशेष व्यवस्था बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय कार्यान्वयन गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै सम्बन्धित |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

| सि. नं. | परामर्श माग गर्ने निकाय, पत्र संख्या तथा मिति | द्विविधाको विषय | बढुवा समितिको निर्णय |
|---|---|---|---|
| | | | स्थानीय तहले आफ्नो वेबसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।" भन्ने व्यवस्था रहेकोले कानून बमोजिम पौष र आषाढ महिनामा सूचना प्रकाशन गरी सूचना अनुसार प्रत्येक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय हुनु पर्ने।<br>यस्तै गरी यस ऐन बमोजिम तह वृद्धि गर्दा समायोजन हुँदा वा अन्य व्यवस्था बमोजिम जुन सेवा समूह वा तहको पदमा निजको पदस्थापना भएको हो सोही सेवा समूह वा उपसमूहको माथिल्लो तहको पदमा तह वृद्धि हुने। |
| ४. | • विराटनगर महानगरपालिकाको च.नं. ८८३६ मिति २०८०/११/२४ | ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्वतः बढुवा गर्दा कुन मितिबाट जेष्ठता कायम गर्ने? | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐनको दफा ४ को उपदफा (५) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरू सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पूरा भएमा स्वतः एक तह वृद्धि हुनेछ। निजहरू जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ।" भन्ने व्यवस्था भएकाले यस दफा बमोजिम बढुवा भएका कर्मचारीको बढुवा निर्णय भएको मितिबाट जेष्ठता कायम हुने। |
| ५. | • चिशंखुगढी गाउँपालिकाको च.नं. १२६८ मिति २०८१/२/२ | तह वृद्धि प्रकृयामा रहेका कर्मचारीको अनिवार्य अवकास भएमा अवकास पछि तह वृद्धि गर्न मिल्ने वा नमिल्ने? | कर्मचारीको अनिवार्य अवकास भएपछि तह वृद्धि वा बढुवा प्रक्रियामा सम्भाव्य उम्मेदवार कायम नहुने भएकाले अवकास पछि तह वृद्धि वा बढुवा गर्न नमिल्ने। |
| ६. | • भद्रपुर नगरकार्यपालिकाको च.नं. २५२८ मिति २०८०/११/२९ | साविक स्थानीय सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू र लोक सेवा आयोगबाट स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरूको जेष्ठता कसरी कायम गर्ने? | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐनको दफा २६ बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गर्ने। |